Reg.no. 539/ 65/66), Kathmandu, SWC Affiliation (26400).

अपाङ्गता अधिकार र विकासका लागि क्रियाशिल नेपाल
**ACTION ON DISABILITY RIGHTS AND DEVELOPMENT**
**(ADRAD-NEPAL)**
(Towards an Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.No ०७२/०७३/३३६

१२ चैत्र २०७२

**भुकम्प पछिको पुनःनिर्माण कार्यमा अपाङ्गता भएका व्यक्तीहरुको सरोकार र प्राथमिकता सुनिश्चित गराउने सम्बन्धमा**

## प्रेस बिज्ञसी ।

पहुंचयुक्त पुनःनिर्माण रणनिती र त्यसको कार्यान्वयनको महत्वलाई मध्यनजर गरी यस संस्थाले "भुकम्प पश्चातको समावेसी पुनःनिर्माण- सार्बजनिक संरचनामा सबैको पहुंचयुक्तताको प्रमाण" भन्ने अभियान सञ्चालन गरिरहेको कुरा सविनय अवगत गराउन चाहछौं ।

ऊक्त अभियान अन्तर्गत यहि चैत्र १०-११ गते यस संस्थाले भुकम्प प्रभाबित १४ जिल्लाका २० जना अपाङ्गता अधिकार अभियन्ताहरुलाई "अपाङ्गता समाबेशी पुःनिर्माण सम्बन्धी क्षमता अभिवृद्धी तालिम" सञ्चालन गरेको र स्थानिय तहमा रहेको मागलाई संबोधन गर्न पहल गर्ने निर्णय गरेको छ ।

जनगणना २०६८ अनुसार नेपालमा करिब ५,२१, ००० अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्याङ्क छ । हालको महाभुकम्पले करीव ४२ जिल्लाका तिन लाख भन्दा बढी अपाङ्गता भएका व्यक्तीहरुलाइ प्रत्यक्ष असर गरेको र करिब १२०० जाना नागरिकहरुले अपाङ्गता वरण गर्न पुगेको हुँदा समाबेशी पुनःनिर्माण कार्यक्रमको दायरामा अपाङ्गता भएका व्यक्तीहरुको सरोकार र प्राथमिकतालाई सुनिश्चित गर्नु जरुरी भएकोले राष्ट्रीय पुनःनिर्माण प्राधिकरण समक्ष ६ बुँदे ज्ञापनपत्र पेश गरि यो प्रेस बिज्ञसी जारी गरिएको छ । यस सुचनालाई त्यंस सञ्चार माध्यमबाट ब्यापक प्रचार प्रसार गरि अपाङ्गता भएका व्यक्तीहरुको समावेशिकरणमा सदा झै सहयोग पुर्याउनुहुन अनुरोध गर्दछौं ।

भबदिय

वीरेन्द्र राज पोखरेल,
अध्यक्ष

"Nothing About Us Without Us"

Reg.no. 539/ 65/66), Kathmandu, SWC Affiliation (26400)
अपाङ्गता अधिकार र विकासका लागि क्रियाशिल नेपाल
ACTION ON DISABILITY RIGHTS AND DEVELOPMENT
(ADRAD-NEPAL)
(Towards an Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.No ०७२/०७३/३३६

१२ चैत्र २०७२

श्री राष्ट्रीय पुनःनिर्माण प्राधिकरण, ,
सिंहदरवार, काठमाण्डौं ।

विषयः भुकम्प पछिको पुनःनिर्माण कार्यमा अपाङ्गता भएका व्यक्तीहरुको सरोकार र प्राथमिकता सुनिश्चित गराउने सम्बन्धमा ज्ञापनपत्र ।

उपरोक्त सम्बन्धमा यस "अपाङ्गता अधिकार र बिकाशका लागी क्रियाशिल नेपाल" नामक संस्था काठमाण्डौं जिल्ला प्रसाशन कार्यालयमा दर्ता भै मुलुक भरी रहेका अपाङ्गता भएका व्यक्तिहरूको हकहित का लागी कामगर्दै आइरहेको कुरा सविनय अवगत गराउन चाहन्छौं।

वदलिंदो विश्व परीवेशमा अपाङ्गता भएका व्यक्तिहलाई समेत दिगो विकाश लक्ष प्राप्तीको रणनितिमा समावेशी गर्नुपर्ने कुरामा दुईमत हुन सक्दैन । उनिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, पुनस्थापना साँस्कृतिक र मनोरञ्जनात्मक कृयाकलाप आदीमा पहुँच अभिबृध्दिलाई मौलिक अधिकारको रुपमा लिईनुपर्दछ । यस कुरालाई हालको महाभुकम्प र त्यस पछिको आवश्यकता पहिचान प्रतिबेदनले समेत पुष्ट्याँइ गरिसकेको छ । यस सन्दर्भमा पहुंचयुक्त पुनःनिर्माण रणनिती र त्यसको कार्यान्वयनको महत्वपुर्ण आवश्यकता रहन्छ। यस वास्तविकतालाई मध्यनजर गरी यस संस्थाले "भुकम्प पश्चातको समावेसी पुनःनिर्माण- सार्वजनिक संरचनामा सबैको पहुंचयुक्तताको प्रमाण" भन्ने अभियान सञ्चालन गरिरहेको कुरा सविनय अवगत गराउन चाहछौं ।

जनगणना २०६८ अनुसार नेपालमा करिब ५,२१, ००० अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्याङ्क छ । हालको महाभुकम्पले करीव ४२ जिल्लाका तिन लाख भन्दा बढी अपाङ्गता भएका व्यक्तीहरुलाइ प्रत्यक्ष असर गरेको र करिब १२०० जाना नागरिकहरुले अपाङ्गता वरण गर्न पुगेको हुँदा समाबेशी पुनःनिर्माण कार्यक्रमको दायरामा अपाङ्गता भएका व्यक्तीहरुको सरोकार र प्राथमिकतालाई सुनिश्चित गर्नु जरुरी ठानिएकोछ ।

नेपालले समेत अनुमोदन गरी पक्षराष्ट्र बनिसकेको "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि संयुक्तराष्ट्रसंघिय माहासंधी" (Convention on the Rights of Persons With Disabilities) को सिद्धान्त र धारा ११ ले संकट र विपद व्यवस्थापनको हरेक चरणमा अपाङ्गता समावेशी गराउनुपर्ने कुरामा राज्य पक्षलाई जिम्मेवार बनाएकोछ ।

यस सन्दर्भलाइ मनन् गर्दै देहाय बमोजिमको अपाङ्गता समाबेशी पुनःनिर्माणको कार्यकालाग आवश्यक व्यवस्था गराउन हार्दिक अनुरोध गर्दछौं ।

- प्रविधिको उपयुक्त प्रणाली र उपलब्धताको अधिकतम प्रयोग गरि भुकम्प पिडित अपाङ्गत भएका व्यक्तीहरुको समेत तथ्यङ्क अध्यावधिक गरियोस् ।
- भुकम्प पश्चात पहिलाकै ठाँउ वा अन्य सुरक्षित स्थानमा निर्माण गरी घर परिवार तथ बस्तीहरु वसाल्ने कार्यमा अपाङ्गता भएका व्यक्तीहरु र तिनका परिवारलाई पुनर्निर्माणका चरणबद्ध कार्य भित्र समावेशी र प्राथमिकता प्रदान गरियोस। ।
- पुनर्निर्माणको रणनिति तथा योजनाको कार्यान्वयनलाई सवल, संस्थागत र आधारयुक्त तुल्याउन साथै स्थानिय प्राथमिकता सुनिश्चित गर्ने कार्यमा अपाङ्ता भएका व्यक्तीहरुलाई समावेशी गरियोस ।
- पुनर्निर्माणको अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक संरचना पहुँचयुक्त हुनेकुरा सुनिश्चितता गर्न अपाङ्गता भएका व्यक्तीहरुलाई अनुगमन कार्यमा परिचालन गरियोस् ।
- अपाङ्गता भएका व्यक्तीहरुमा रहेको ज्ञान, अनुसन्धान सिप तथा प्रविधिलाई प्रयोग गर्दै राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र त्यस्को स्थानिय संयन्त्रहरुमा समेत अपाङ्गता भएका व्यक्तीहरुलाई समावेशिकरण गरियोस् ।
- भविश्यमा हुनसक्ने प्रकोप जोखिमको संभावित स्थान, समय तथा प्रभावको भविष्यवाणी गरी प्राकृतिक स्रोत साधनको दिगो प्रयोग लगायत संरक्षणमूलक योजना र विपद्का जोखिमहरुबाट अपाङ्गता भएका व्यक्तीहरुलाई जोगाउन तथा विपदपछि पहिलेकै अवस्थामा फर्कनका निम्ती समष्टिगत दिगो विकासको अवधारणालाई एकिकृत रुपमा कार्यान्वयन गर्ने आधार तयार पारियोस ।

ऊक्त कार्यले सरकारको उद्देश्य प्रासीमा योगदान समेत पुग्ने कुरा विश्वास दिलाउदै सदाझैं यहांको सहयोगको हार्दिक अपेक्षा गर्दै यो ज्ञापन पत्र प्रदान गर्दछौं ।

भबदिय

वीरेन्द्र राज पोखरेल,
अध्यक्ष



Delegation meeting the Secretary of National Reconstruction Authority



Handing over Memorandum for Disability Inclusive Reconstruction

(Secretary- NRA:  Mr. Madhu Sudhan Adhikary and Mr. Birendra Raj Pokharel, chairperson-ADRAD)